# राष्ट्रिय वनस्पति पुरस्कार२०७९ को लागि आवेदन फारम भर्दा ध्यान दिनु पर्ने कुराहरु

१. आवेदक वा सिफारिस गर्नेले राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि २०७७ को अनुसूची १ र अनुसूची १ क बमोजिमको फारम पूर्ण रुपमा अनिवार्य भरेर पेश गर्नु पर्नेछ ।

२. पुस्तकको हकमा ISBN Number भएको पुस्तकलाई मात्र मान्यता दिईने भएकोले प्रमाणको लागि न्यूनतम २(दुई) वटा ISBN Number भएको पुस्तक बुझाउनुपर्नेछ। Author को हकमा पुरा अंक र Co-author को हकमा आधा अंक दिईनेछ।Edited Book र Proceedings लाई मान्यता दिईने छैन ।

३. अन्तर्राष्ट्रिय जर्नलको हकमा Impact Factor मा सूचीकृत भएको वा Scimago Journal and Country Rank (SJR) मा सूचीकृत भएको हुनुपर्नेछ।

४. राष्ट्रिय जर्नलको हकमा ISSN नम्बर प्राप्त वा NepJOL मा सूचीकृत भएको हुनुपर्नेछ।

५. अन्तर्राष्ट्रिय र राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख रचनाको सम्बन्धमा अधिकतम ३ (तीन) वटा article हरुको प्रकाशित भएको प्रमाण पेश गर्नुपर्नेछ । उल्लेख गरिएका लेख रचनाहरु प्राथमिकताक्रममा राख्नु पर्नेछ। Author को हकमा पुरा अंक र Co-author को हकमा आधा अंक दिईनेछ।

६. नीतिगत दस्तावेज र कार्यगत दस्तावेज तयारीको हकमा उक्त दस्तावेज तयार गर्दाको प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

७. ग्रान्टको हकमा ग्रान्ट पाएको र सम्बन्धित कार्य सम्पन्नव भएको प्रमाण पेश गर्नुपर्नेछ। स्नातकोत्तर तहको अध्ययन गर्दाको बखत प्राप्त गरेको ग्रान्टलाई मान्यता दिईनेछैन।

८. डिजिटल माध्यम वा प्रिन्ट माध्यममा प्रकाशित जानकारीमूलक लेख रचनाको हकमा प्रकाशित लेख रचना प्रमाणको रुपमा पेश गर्नुपर्नेछ।

९. पुरस्कार र सम्मानको हकमा शैक्षिक उपाधि लिंदा प्रदान गरिने पुरस्कार वा सम्मानलाई मान्यता दिईनेछैन।

१०. पेटेन्टको हकमा सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र वा पेटेन्ट दर्ता गरेको प्रमाण पेश गरेको हुनुपर्नेछ।

११. क्षमता विकास, ज्ञानको प्रसारण तथा उपयोगिताको हकमा पुष्टयाई गर्ने प्रमाण पेश गर्नुपर्नेछ।

१२. मूल्याङ्कन गर्दा एउटै कामको लागि एक भन्दा बढी ठाउँमा अंक प्रदान नगरिने भएकोले एउटै प्रमाण दुई ठाउँमा उल्लेख गर्न पाईनेछैन।